# अर्थशास्त्र

**कक्षा ९-१०** | **विषय कोड (१०३) कक्षा ९**
**(१०४) कक्षा १०**

**पाठ्यघण्टा : ४** | **वार्षिक कार्यघण्टा : १२८**

## १. परिचय

अर्थशास्त्रले उपलब्ध सीमित स्रोतसाधनको समुचित उपयोग गरेर असीमित आवश्यकताहरू कसरी परिपूर्ति गर्ने भन्ने पक्षको अध्ययन गर्दछ । यस विषयमा मूलतः मानव व्यवहारको आर्थिक पक्षको अध्ययन गरिने भएकाले यो सामाजिक विज्ञान पनि हो । यस विषयको अध्ययनले उपभोग, उत्पादन, विनिमय, वितरण आदि कार्यमा आर्थिक एकाइहरूलाई उपयुक्त र विवेकपूर्ण निर्णय लिई साधन स्रोतको अधिकतम प्रयोग गरी लाभ प्राप्त गर्न आवश्यक पर्ने ज्ञान, सिप, मूल्यहरू प्रदान गर्छ । यसको अध्ययनले विद्यार्थीलाई देशको वर्तमान आर्थिक स्थितिबारे बुझ्न, विश्लेषण गर्न, उपयुक्त निर्णय लिन र भविष्यको समेत पूर्वानुमान गर्न सहयोग पुऱ्याउँछ । यस पाठ्यक्रममा समावेश गरिएका अवधारणा, नियम तथा सिद्धान्तको अध्ययनबाट विद्यार्थीका लागि आफू र आफ्नो परिवार तथा व्यवसायमा उचित आर्थिक निर्णय लिन, आर्थिक गतिविधिबारे जानकार हुन, श्रमको सम्मान गर्न, वित्तीय रूपमा साक्षर हुन, स्रोत साधनको उचित व्यवस्थापन गर्न आवश्यक ज्ञान, सिप र अभिवृत्ति प्राप्त हुने अपेक्षा राखिएको छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मर्मअनुसार कक्षा ९-१० मा ऐच्छिक प्रथम विषयका रूपमा अर्थशास्त्र सम्बद्ध ज्ञान, सिप र अभिवृत्ति विकास गर्ने उद्देश्यले यस विषयको पाठ्यक्रम विकास गरिएको छ ।

नेपालमा विद्यालय शिक्षाको माध्यमिक तहमा विगतदेखि नै ऐच्छिक विषयको रूपमा अर्थशास्त्र विषय समावेश छ । यस पाठ्यक्रममा अर्थशास्त्रको आधारभूत अवधारणा र साधनको बाँडफाँट, व्यष्टि अर्थशास्त्र, समष्टि अर्थशास्त्र, विकास अर्थशास्त्र, नेपालको अर्थतन्त्र र अर्थशास्त्रमा परिमाणात्मक पद्धति गरी छओटा विषयक्षेत्र समेटिएका छन् । यस पाठ्यक्रममा कक्षा ११-१२ को अध्ययनका लागि चाहिने आधारभूत अर्थशास्त्र सम्बद्ध ज्ञान र सिपगत विषयवस्तुसमेत समावेश गरी लम्बीय तथा समतलीय सन्तुलन मिलाइएको छ ।

पाठ्यक्रममा तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण प्रक्रिया र मूल्याङ्कन समावेश गरिएको छ । विषयवस्तुको क्षेत्र र गहिराइका आधारमा सिकाइ सहजीकरणका लागि समय विभाजन गरिएको छ । यस विषयका लागि कक्षा ९-१० मा पाठ्यघण्टा ४ र वार्षिक कार्यघण्टा १२८ निर्धारण गरिएको छ । विद्यार्थीको सिकाइ मूल्याङ्कनका लागि २५ प्रतिशत आन्तरिक मूल्याङ्कन र ७५ प्रतिशत बाह्य मूल्याङ्कन निर्धारण गरिएको छ । विद्यार्थी सिकाइको मूल्याङ्कन लेटर ग्रेडिङ पद्धतिका आधारमा गरिने छ ।

## २. तहगत सक्षमता

कक्षा ९-१० को अर्थशास्त्र विषयको अध्ययनपश्चात् विद्यार्थीमा निम्नलिखित सक्षमता हासिल हुने छन् :

(क) अर्थशास्त्रको परिभाषा, विषयवस्तु, आर्थिक प्रणाली, अवसर लागत र साधनको बाँडफाँटको ज्ञान र बोध
(ख) माग, पूर्ति, उपभोग, उत्पादन, लागत, आयसँग सम्बन्धित अवधारणाहरूको बोध, प्रस्तुति र प्रयोग
(ग) उत्पादन र उत्पादनका साधनको मूल्य निर्धारणको प्रस्तुति
(घ) बैङ्किङ प्रणालीको बोध र विनिमेय उपकरणको प्रयोग
(ङ) सरकारी राजस्व, खर्च, बजेट साथै मुलुकको आर्थिक स्थितिको बोध र विश्लेषण
(च) अन्तर्राष्ट्रिय व्यापारको महत्त्व बोध, स्वतन्त्र र संरक्षण व्यापार नीतिको समीक्षा
(छ) आर्थिक विकासका मुद्दा, सूचक, सिद्धान्तको र समाजवाद उन्मुख आर्थिक व्यवस्थाका आधारहरूको ज्ञान र बोध
(ज) नेपालको आर्थिक विकासको सम्भावनका क्षेत्रहरूको पहिचान र विश्लेषण
(झ) नेपालको कृषि, उद्योग, पर्यटन, वैदेशिक रोजगारीको वर्तमान अवस्थाको चित्रण र सम्भावनाको खोजी
(ञ) तथ्याङ्क सङ्कलन तथा प्रस्तुतीकरण र केन्द्रीय प्रवृत्तिको मापन

३. कक्षागत सिकाइ उपलब्धि

| विषय क्षेत्र | कक्षा ९ | कक्षा १० |
|---|---|---|
| **१.अर्थशास्त्रको आधारभूत अवधारणा र साधनको बाँडफाँट (Basic Concept of Economics and Allocation of Resources)** | १.१ अर्थशास्त्रको अर्थ बताउन र परिभाषित गरी समीक्षा गर्न<br>१.२ अर्थशास्त्रको विषयवस्तु र प्रकृति व्याख्या गर्न<br>१.३ अर्थशास्त्रको महत्त्व र सीमा पहिचान गर्न<br>१.४ वस्तु तथा सेवाको अर्थ बताउन, भिन्नता छुट्याउन र वस्तुका प्रकारको उदाहरण दिन<br>१.५ व्यष्टि र समष्टि अर्थशास्त्रको परिचय दिन र भिन्नता छुट्ट्याउन | १.१ पुँजीवादी, समाजवादी र मिश्रित अर्थव्यवस्थाको परिचय दिन र विशेषता उल्लेख गर्न<br>१.२ दुर्लभता, छनोट, अवसर लागत र साधनको बाँडफाँटको अवधारणा उदाहरणसहित प्रस्तुत गर्न<br>१.३ समष्टिगत आर्थिक चरहरूको परिचय दिन र नेपालको सर्न्दभमा तथ्याङ्क खोजी गर्न |
| **२. व्यष्टि अर्थशास्त्र (Microeconomics)** | **२.१ उपयोगिता (Utility)**<br>२.१.१ सङ्ख्यात्मक र क्रमवाचक उपयोगिताको अवधारणा प्रस्ट पार्न<br>२.१.२ कुल र सीमान्त उपयोगिताको अर्थ बताउन र कुल उपयोगिताबाट सीमान्त उपयोगिता गणना गरी रेखाचित्रमा प्रस्तुत गर्न<br>२.१.३ सीमान्त उपयोगिता ह्रास नियम र यसका सीमा बताउन, यस नियमलाई तालिका र रेखाचित्रको माध्यमबाट प्रस्तुत गर्न<br>**२.२ माग र पूर्ति (Demand and Supply)**<br>२.२.१ मागको अर्थ बताउन, निर्धारक तत्त्वहरूको व्याख्या गर्न, नियम सचित्र वर्णन गरी सीमाहरू उल्लेख गर्न<br>२.२.२ व्यक्तिगत र बजार माग वक्ररेखाहरू तालिकाको सहायताले निर्माण गर्न<br>२.२.३ पूर्तिको अर्थ बताउन, निर्धारक तत्त्वहरूको व्याख्या गर्न, नियम सचित्र वर्णन गरी सीमाहरू उल्लेख गर्न<br>२.२.४ व्यक्तिगत र बजार पूर्ति वक्ररेखाहरू तालिकाको सहायताले निर्माण गर्न<br>२.२.५ बजार सन्तुलनको अवस्था तालिका र रेखाचित्रको माध्यमबाट प्रस्तुत गरि व्याख्या गर्न र सामान्य गणितीय समस्या समाधान गर्न | **२.१ आय र आय वक्ररेखाहरू (Revenue and Revenue Curves)**<br>२.१.१ कुल, औसत र सीमान्त आयको अवधारणा बताउन<br>२.१.२ पूर्ण प्रतिस्पर्धा बजारको परिचय दिन, विशेषता बताउन र फर्मको आय वक्ररेखाहरू रचना गर्न<br>२.१.३ एकाधिकार बजारको परिचय दिन, विशेषता बताउन र फर्मको आय वक्ररेखाहरू रचना गर्न<br>**२.२ लागत र लागत वक्ररेखाहरू (Cost and Cost Curves)**<br>२.२.१ लागतको अर्थ बताउन र अल्पकालीन लागतहरूको परिचय दिन<br>२.२.२ अल्पकालीन लागत वक्ररेखाहरूको रचना गर्न<br>**२.२ बजार संरचना र उत्पादनको मूल्य निर्धारण (Market Structure and Product Pricing)**<br>२.२.१ बजारको अर्थ र तत्त्वहरू बताउन<br>२.३.२ पूर्ण प्रतिस्पर्धा बजार संरचना अन्तर्गत अल्पकालमा सीमान्त आय सीमान्त लागत विधिबाट फर्मको सन्तुलित मूल्य र परिमाण निर्धारण प्रक्रिया व्याख्या गर्न<br>२.३.३ एकाधिकार बजार संरचना अर्न्तगत अल्पकालमा सीमान्त आय सीमान्त लागत विधिबाट फर्मको सन्तुलित मूल्य र परिमाण निर्धारण प्रक्रिया व्याख्या गर्न<br>२.३.४ पूर्ण प्रतिस्पर्धा र एकाधिकार बजार संरचनाबिचका |

| | | |
|---|---|---|
| | **२.३ उत्पादनका साधन (Factors of Production)**<br>२.३.१ उत्पादनका साधनको अर्थ बताउन र विशेषता उल्लेख गर्न<br>२.३.४ उद्यमका स्वरूपहरूको परिचय दिन<br>**२.४ उत्पादन (Production)**<br>२.४.१ उत्पादन, अल्पकालीन र दीर्घकालीन उत्पादनको अवधारणा बताउन<br>२.४.२ अल्पकालीन कुल, औसत र सीमान्त उत्पादनको अवधारणा प्रस्तुत गर्न तथा वक्ररेखाहरू निर्माण गर्न<br>२.४.३ परिवर्तनशील अनुपातको नियम तालिका र रेखा चित्रसहित व्याख्या गर्न<br>२.४.४ उत्पादनका विधिको परिचय दिन | भिन्नता पहिचान गर्न<br>**२.३ साधनको मूल्य निर्धारण सिद्धान्त (Theory of Factor Pricing)**<br>२.३.१ लगान, ब्याज, ज्याला र नाफाको अवधारणा प्रस्तुत गर्न<br>२.३.२ लगान, ब्याज, ज्याला र नाफाको सिद्धान्त आलोचनात्मक रूपमा व्याख्या गर्न |
| **३. समष्टि अर्थशास्त्र (Macroeconomics)** | **३.१ राष्ट्रिय आय (National Income)**<br>३.१.१ राष्ट्रिय आयका विभिन्न अवधारणाको परिचय दिन<br>**३.२ मुद्रा, बैङ्क तथा वित्तीय संस्था (Money, Bank and Financial Institution)**<br>३.२.१ वस्तु विनिमय प्रणालीको परिचय दिन र यसका कठिनाइहरू पहिचान गर्न<br>३.२.२ मुद्राको अर्थ बताउन र यसका प्रकार र कार्यहरू वर्णन गर्न<br>३.२.३ बैङ्क तथा वित्तीय संस्थाको परिचय दिन र नेपालको सन्दर्भमा यसका प्रकार चर्चा गर्न<br>३.२.४ केन्द्रीय बैङ्क र वाणिज्य बैङ्कका कार्यहरू वर्णन गर्न<br>३.२.४ विनिमेय उपकरण र यसका प्रकारको परिचय दिन | **३.१ सरकारी वित्त (Government Finance)**<br>३.१.१ सरकारी वित्तको परिचय दिन र महत्व बताउन<br>३.१.२ सरकारी राजस्वका स्रोतहरू पहिचान गर्न<br>३.१.३ सरकारी खर्च (चालु, पुँजीगत र वित्तीय व्यवस्था) को परिचय दिन<br>३.१.४ सरकारी बजेटको अर्थ र प्रकार बताउन<br>३.१.५ नेपालको सङ्घीय बजेट निर्माण प्रक्रिया बताउन<br>**३.२ अन्तर्राष्ट्रिय व्यापार (International Trade)**<br>३.२.१ अन्तर्राष्ट्रिय व्यापारको अर्थ र महत्त्व बताउन<br>३.२.२ स्वतन्त्र र संरक्षण व्यापार नीतिको अवधारणा बताउन र फाइदा तथा बेफाइदा लेखाजोखा गर्न |
| **४. विकास अर्थशास्त्र (Development Economics)** | ४.१ आर्थिक वृद्धि र विकासको अवधारणा प्रस्ट पार्न र भिन्नता छुट्याउन<br>४.२ आर्थिक विकासका सूचकहरूको परिचय दिन<br>४.३ आर्थिक विकासका समसामयिक मुद्दाका बारेमा चर्चा गर्न | ४.१ आर्थिक विकासको शास्त्रिय र मार्क्सवादी सिद्धान्त वर्णन गर्न<br>४.२ समाजवाद उन्मुख आर्थिक व्यवस्थाको परिचय दिन, नेपालको सन्दर्भमा यसका आधारहरू उल्लेख गर्न र अवस्था बताउन |
| **५. नेपालको अर्थतन्त्र (Nepal's Economy)** | ५.१ नेपालको अर्थतन्त्रका प्रमुख विशेषता उल्लेख गर्न<br>५.२ प्राथमिक, द्बितीय र तृतीय क्षेत्रका आर्थिक | **५.१ कृषि (Agriculture)**<br>५.१.१ कृषिको परिचय दिन र नेपालको सन्दर्भमा यसका |

| | | |
|---|---|---|
| | क्रियाकलापहरूको परिचय दिन<br>५.३ नेपालको ग्रामीण र सहरी क्षेत्रका मुख्य आर्थिक क्रियाकलापहरूको खोजी गर्न र महत्त्व वर्णन गर्न<br>५.४ नेपालको आर्थिक विकासका सम्भावनाका क्षेत्रहरूको व्याख्या र विश्लेषण गर्न | विशेषता उल्लेख गर्न<br>५.१.२ कृषिको आधुनिकीकरण र व्यावसायीकरणको आवश्यकता पहिचान गर्न<br>५.१.३ कृषि वित्तको परिचय दिन र यसका स्रोतहरू वर्णन गर्न<br>५.१.४ नेपालमा कृषिको क्षेत्रका समस्याहरू पहिचान गरि समाधानका उपाय प्रस्तुत गर्न<br>**५.२ उद्योग (Industry)**<br>५.२.१ उद्योगको परिचय दिन, स्थिर पुँजी र वस्तु तथा सेवाको प्रकृतिका आधारमा यसका प्रकार चर्चा गर्न<br>५.२.२ उद्योगको महत्त्व बताउन, वर्तमान अवस्थाको जानकारी दिन र समस्या समाधानका उपाय प्रस्तुत गर्न<br>**५.३ पर्यटन उद्योग (Tourism Industry)**<br>५.३.१ पर्यटनको उद्योगको परिचय दिन, वर्तमान अवस्था बताउन र दिगो पर्यटन विकासका समस्या तथा समाधानका उपाय प्रस्तुत गर्न<br>**५.४ वैदेशिक रोजगारी (Foreign Employment)**<br>५.४.१ वैदेशिक रोजगारको परिचय दिन, महत्त्व बताउन, प्रतिकुल असर पहिचान गर्न र समाधानका उपाय सुझाउन |
| **६. अर्थशास्त्रमा परिमाणात्मक पद्धति (Quantitative Technique in Economics)** | ६.१ तथ्याङ्कशास्त्रलाई परिभाषित गर्न, यसका कार्य र सीमा उल्लेख गर्न<br>६.२ तथ्याङ्क सङ्कलन गर्नु पूर्व ध्यान दिनुपर्ने पक्षहरू पहिचान गर्न<br>६.३ प्राथमिक र द्वितीय तथ्याङ्कको परिचय दिई प्राथमिक तथ्याङ्क सङ्कलनका विधि प्रयोग गर्न र द्वितीय तथ्याङ्कका स्रोतहरू पहिचान गरी तथ्याङ्क सङ्कलन गर्न<br>६.४ तथ्याङ्क सङ्कलनका संगणना र नमुना विधिको परिचय दिन र प्रयोग गरी तथ्याङ्क सङ्कलन गर्न<br>६.५ तथ्याङ्कलाई भौगोलिक, कालक्रमिक, परिमाणात्मक रूपमा वर्गीकरण गर्न<br>६.६ तथ्याङ्कलाई एकगुण, द्विगुण र त्रिगुणका आधारमा तालिकीकरण गर्न | ६.१ तथ्याङ्कलाई रेखाचित्र, स्तम्भचित्र र वृत्तखण्ड चित्रमा प्रस्तुत गर्न<br>६.२ अङ्क गणितिय मध्यक, मध्यिका र बहुलकको गणना, प्रयोग र व्याख्या (Interpretation) गर्न |

४. विषयवस्तुको क्षेत्र र क्रम

| विषय क्षेत्र | कक्षा ९ | कार्यघण्टा | कक्षा १० | कार्यघण्टा |
|---|---|---|---|---|
| **१. अर्थशास्त्रको आधारभूत अवधारणा र साधनको बाँडफाँट (Basic Concept of Economics and Allocation of Resources)** | १.१ अर्थशास्त्रको अर्थ र परिभाषा (एडम स्मिथ, अल्फ्रेड मार्सल र लायोनल रबिन्सको परिभाषा)<br>१.२ अर्थशास्त्रको विषयवस्तु र प्रकृति<br>१.२.१ अर्थशास्त्रको विषयवस्तु : परम्परागत र आधुनिक<br>१.२.२ अर्थशास्त्रको प्रकृति : वास्तविक र आदर्श, कला र विज्ञान<br>१.३ अर्थशास्त्रको महत्व र सीमा<br>१.४ वस्तु र सेवाको अर्थ, भिन्नता र प्रकार (आर्थिक र निःशुल्क वस्तु, उपभोक्ता र उत्पादक वस्तु, हस्तान्तरणीय र अहस्तान्तरणीय वस्तु, निजी र सार्वजनिक वस्तु, नाशवान र टिकाउ वस्तु, सामान्य र कमसल वस्तु, अत्यावश्यक र बिलासी वस्तु, गिफेन वस्तु, प्रतिस्थापक र परिपूरक वस्तु)<br>१.५ व्यष्टि र समष्टि अर्थशास्त्र: अर्थ, परिभाषा र भिन्नता | १२ | १.१ पुँजीवादी, समाजवादी र मिश्रित अर्थव्यवस्थाको परिचय र विशेषता<br>१.२ दुर्लभता, छनोट, अवसर लागत र साधनको बाँडफाँटको अवधारणा (Concept of Scarcity, Choice, Opportunity Cost and Allocation of Resources)<br>१.३ समष्टिगत आर्थिक चर (Macroeconomic Variables) : कुल गार्हस्थ उत्पादन, कुल उपभोग, कुल लगानी, कुल बचत, मूल्यस्तर, ब्यापार सन्तुलन, भुक्तान सन्तुलन, विदेशी विनिमय दर, बेरोजगारी दर | १२ |
| **२. व्यष्टि अर्थशास्त्र (Microeconomics)** | **२.१ उपयोगिता (Utility)**<br>२.१.१ सङ्ख्यात्मक र क्रमवाचक उपयोगिताको अवधारणा<br>२.१.२ कुल र सीमान्त उपयोगिताको अर्थ, गणना र वक्ररेखाहरूको रचना<br>२.१.३ सीमान्त उपयोगिता ह्रास नियम (तालिका र रेखाचित्र सहित) र सीमा<br>**२.२ माग र पूर्ति (Demand and Supply)**<br>२.२.१ माग : अर्थ, निर्धारक तत्त्व, मागको नियम र सीमा<br>२.२.२ व्यक्तिगत र बजार माग (तालिका र वक्ररेखा)<br>२.२.३ पूर्ति : अर्थ, निर्धारक तत्त्व, पूर्तिको नियम र सीमा<br>२.२.४ व्यक्तिगत र बजार पूर्ति (तालिका र वक्ररेखा) | ३० | **२.१ आय र आय वक्ररेखाहरू (Revenue and Revenue Curves)**<br>२.१.१ कुल, औसत र सीमान्त आयको अवधारणा<br>२.१.२ पूर्ण प्रतिस्पर्धा बजारको परिचय, विशेषता र फर्मका आय वक्ररेखाहरूको रचना<br>२.१.३ एकाधिकार बजारको परिचय, विशेषता र फर्मका आय वक्ररेखाहरूको रचना<br>**२.२ लागत र लागत बक्ररेखाहरू (Cost and Cost Curves)**<br>२.२.१ लागतको अर्थ<br>२.२.२ अल्पकालीन लागतहरूको परिचय तथा लागत वक्ररेखाहरूको रचना<br>• कुल स्थिर, कुल परिवर्तशिल र कुल | ३० |

| | | | | |
|---|---|---|---|---|
| | २.२.५ बजार माग र पूर्तिबिच सन्तुलन : तालिका, रेखाचित्र र गणितिय अभ्यास<br>**२.३ उत्पादनका साधन (Factors of Production)**<br>२.३.१ उत्पादनका साधनहरू<br>(भूमि, पुँजी, श्रम र उद्यम) को अर्थ र विशेषता<br>२.३.२ उद्यमका स्वरूप (व्यक्तिगत, साझेदारी, संयुक्त पुँजी कम्पनी, सार्वजनिक संस्थान) को परिचय<br>**२.४ उत्पादन (Production)**<br>२.४.१ उत्पादन, अल्पकालीन र दीर्घकालीन उत्पादनको अवधारणा<br>२.४.३ अल्पकालीन कुल, औसत र सीमान्त उत्पादनको अवधारणा र उत्पादन वक्ररेखाहरू<br>२.४.४ परिवर्तनशिल अनुपातको नियम (तालिका र रेखाचित्र)<br>२.४.५ उत्पादन विधि : श्रम प्रधान र पुँजी प्रधान | | लागत<br>● औसत स्थिर, औसत परिवर्तनशिल र औसत कुल लागत<br>● सीमान्त लागत<br>**२.२ बजार संरचना र उत्पादनको मूल्य निर्धारण (Market Structure and Product Pricing)**<br>२.३.१ बजारको अर्थ र तत्त्वहरू<br>२.३.२ पूर्ण प्रतिस्पर्धा बजार संरचना अन्तर्गत अल्पकालमा सीमान्त आय सीमान्त लागत विधिबाट फर्मको सन्तुलित मूल्य र परिमाण निर्धारण<br>२.३.३ एकाधिकार बजार संरचना अन्तर्गत अल्पकालमा सीमान्त आय सीमान्त लागत विधिबाट फर्मको सन्तुलित मुल्य र परिमाण निर्धारण<br>२.३.४ पूर्ण प्रतिस्पर्धा र एकाधिकार बजार संरचनाबिचका भिन्नता<br>**२.४ साधनको मूल्य निर्धारण सिद्धान्त (Theory of Factor Pricing)**<br>२.४.१ लगानः कुल लगान र आर्थिक लगानको अवधारणा<br>● रिकार्डोको लगान सिद्धान्त<br>२.४.२ ब्याजः कुल र खुद ब्याजको अवधारणा<br>● ब्याजको शास्त्रीय सिद्धान्त<br>२.४.३ ज्यालाः वास्तविक र मौद्रिक ज्यालाको अवधारणा<br>● ज्यालाको जीवन निर्वाह सिद्धान्त<br>२.४.४ नाफाः कुल र खुद नाफाको अवधारणा<br>● नाफाको जोखिम वहन सिद्धान्त | |

| | | | | |
|---|---|---|---|---|
| **३. समष्टि अर्थशास्त्र (Macroeconomics)** | **३.१ राष्ट्रिय आय (National Income)**<br>३.१.१ राष्ट्रिय आयका अवधारणा (कुल गार्हस्थ उत्पादन, कुल राष्ट्रिय उत्पादन, खुद राष्ट्रिय उत्पादन, राष्ट्रिय आय,  प्रतिव्यक्ति आय, वैयक्तिक आय र व्यययोग्य आय)<br>**३.२ मुद्रा, बैङ्क तथा वित्तीय संस्था (Money, Bank and Financial Institution)**<br>३.२.१ वस्तु विनिमय प्रणाली: परिचय र कठिनाइ<br>३.२.२ मुद्राः अर्थ, प्रकार (वस्तु, धातु, पत्र, साख/बैङ्क र डिजिटल मुद्रा) र कार्य<br>३.२.३ बैङ्क तथा वित्तीय संस्थाः अर्थ र प्रकार<br>३.२.४ केन्द्रीय र वाणिज्य बैङ्कका कार्यहरू<br>३.२.४ विनिमेय उपकरणः परिचय र प्रकार (चेक, ड्राफ्ट, विनिमय विल, प्रतिज्ञा पत्र, निक्षेप प्रमाणपत्र) | १२ | **३.१ सरकारी वित्त (Government Finance)**<br>३.१.१ सरकारी वित्तको परिचय र महत्त्व<br>३.१.२ सरकारी राजस्वका स्रोतहरू<br>● कर राजस्व<br>● गैरकर राजस्व<br>● विविध प्राप्ति<br>३.१.३ सरकारी खर्चको वर्गीकरण (चालु, पुँजीगत र वित्तीय व्यवस्था)<br>३.१.४ सरकारी बजेट अर्थ, प्रकार (वचत, घाटा र सन्तुलित)<br>३.१.५ नेपालको सङ्घीय बजेट निर्माण प्रक्रिया<br>**३.२ अन्तर्राष्ट्रिय व्यापार (International Trade)**<br>३.२.१ अन्तर्राष्ट्रिय व्यापारको अर्थ र महत्त्व<br>३.२.२ स्वतन्त्र व्यापार र संरक्षण व्यापार नीतिको अवधारणा, फाइदा र बेफाइदा | १२ |
| **४. विकास अर्थशास्त्र (Development Economics)** | ४.१ आर्थिक वृद्धि र विकासको अर्थ र भिन्नता<br>४.२ आर्थिक विकासका सूचकहरू (Indicators of Economic Development)<br>४.३ आर्थिक विकासका समसामयिक मुद्दाहरू<br>४.३.१ गरिबी<br>४.३.२ अर्थिक असमानता<br>४.३.३ बेरोजगारी<br>४.३.४ आर्थिक समावेशिता<br>४.३.५ आर्थिक सुशासन<br>४.३.६ जलवायु परिवर्तन र वातावरण संरक्षण | ८ | ४.१ आर्थिक विकासका सिद्धान्तहरू (Theories of Economic Development)<br>४.१.१ शास्त्रीय सिद्धान्त<br>४.१.२ मार्क्सवादी सिद्धान्त<br>४.२ समाजवाद उन्मुख आर्थिक व्यवस्थाका आधारहरू<br>४.२.१ तीन खम्बे अर्थनीति<br>४.२.२ सामाजिक न्याय र सम्बृद्धि | ८ |
| **५. नेपालको अर्थतन्त्र (Nepal's Economy)** | ५.१ नेपालको अर्थतन्त्रको प्रमुख विशेषता<br>५.२ आर्थिक क्रियाकलाप : प्राथमिक क्षेत्र, द्बितीय क्षेत्र, तृतीय क्षेत्र<br>५.३ ग्रामिण र सहरी क्षेत्रका मुख्य आर्थिक | १५ | **५.१ कृषि (Agriculture)**<br>५.१.१ कृषिको परिचय र विशेषता<br>५.१.२ कृषिको आधुनिकीकरण र व्यवसायिकरण | १५ |

| | | | | |
|---|---|---|---|---|
| | क्रियाकलाप र महत्त्व<br>५.४ नेपालको आर्थिक विकासका सम्भावनाका क्षेत्रहरू<br>५.५.१ जलस्रोत<br>५.५.२ वनजङ्गल<br>५.५.३ कृषि<br>५.५.४ पर्यटन<br>५.५.५ जनशक्ति | | ५.१.३ कृषि वित्तका स्रोतहरू (सङ्गठित र असङ्गठित)<br>५.१.४ नेपालमा कृषि क्षेत्रका समस्या र समाधानका उपाय<br>**५.२ उद्योग (Industry)**<br>५.२.१ उद्योगको परिचय र प्रकार (स्थिर पुँजी र वस्तु तथा सेवाको प्रकृतिका आधारमा), महत्त्व, वर्तमान अवस्था, समस्या र समाधानका उपाय<br>**५.३ पर्यटन उद्योग (Tourism Industry)**<br>५.३.१ पर्यटन उद्योगको परिचय, वर्तमान अवस्था, दीगो पर्यटन विकासका समस्या र समाधानका उपाय<br>५.४ **वैदेशिक रोजगारी (Foreign Employment)**<br>५.५.१ वैदेशिक रोजगारीको परिचय, महत्त्व, प्रतिकुल असर र असर न्यूनीकरणका उपाय | |
| **६. अर्थशास्त्रमा परिमाणात्मक पद्धति (Quantitative Technique in Economics)** | ६.१ तथ्याङ्कशास्त्रको परिभाषा, कार्य र सीमा<br>६.२ तथ्याङ्क  सङ्कलन गर्नु पूर्व ध्यान दिनुपर्ने पक्षहरू<br>६.३ प्राथमिक र द्वितीय तथ्याङ्कको परिचय<br>• प्राथमिक तथ्याङ्क सङ्कलनका विधि<br>• द्धितिय तथ्याङ्कका स्रोतहरू<br>६.४ तथ्याङ्क  सङ्कलनका विधि (संगणना र नमुना)<br>६.५ तथ्याङ्कको वर्गीकरणः भौगोलिक, कालक्रमिक, परिमाणात्मक वर्गीकरण (एक्सेलको प्रयोग सहित)<br>६.६ तथ्याङ्कको तालिकीकरणः एकगुण, द्विगुण र त्रिगुण (एक्सेलको प्रयोग सहित) | १९ | ६.५ तथ्याङ्कको प्रस्तुतीकरणः रेखाचित्र ( कालिक श्रेणीको रेखाचित्र, वारम्वरता आयत चित्र) स्तम्भचित्र (साधारण, खण्डे, प्रतिशत र बहुगुणि), वृत्तखण्ड चित्रको निर्माण एक्सेलको प्रयोग सहित)<br>६.१ केन्द्रीय प्रवृत्तिका मापहरू(Measures of Central Tendency)<br>६.१.१ अङ्कगणितीय मध्यक, मध्यिका, र बहुलकको गणना, प्रयोग र व्याख्या (एक्सेलको प्रयोग सहित) | १९ |
| | **जम्मा** | **९६** | | **९६** |

## ५. सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य

यहाँ प्रस्तुत गरिएका सम्भावित नमूना परियोजना तथा प्रयोगात्मक कार्यहरूका अतिरिक्त विषयवस्तुको प्रकृति, स्रोत साधनको उपलब्धता, भौगोलिक अवस्थिति, उपलब्ध समयावधि र विद्यार्थीको उमेर र स्तरलाई मध्यनजर गरि यस्तै थप परियोजना तथा प्रयोगात्मक कार्य पनि गराउन सकिने छ । विद्यार्थीहरूद्वारा सम्पादित यस्ता परियोजना तथा प्रयोगात्मक कार्यहरूको मूल्याङ्कन तथा अभिलेखीकरण गर्नुपर्ने छ :

| **विषय क्षेत्र** | **कक्षा ९** | **कार्यघण्टा** | **कक्षा १०** | **कार्यघण्टा** |
|---|---|---|---|---|
| **१. अर्थशास्त्रको आधारभूत अवधारणा र साधनहरूको बाँडफाँट (Basic concepts of economics and allocation of rsources)** | १.१ एडम स्मिथ, अल्फ्रेड मार्शल र लायोनल रविन्सको परिभाषाका मुख्य विशेषताका आधारमा अर्थशास्त्रको विषयवस्तु पावरप्वाइन्ट वा चार्टपेपरमा उल्लेख गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>१.२ तपाईं वा तपाईंको घरपरिवारले कुनै एक निश्चित समय (एक हप्ता, पन्ध्र दिन वा एक महिना) मा खरिद गरेका वस्तु तथा सेवाहरू खोजी गरि तीनलाई वस्तु तथा सेवाका प्रकारका आधारमा वर्गीकरण गरी तालिकामा प्रस्तुत गर्नुहोस् । | ४ | १.१ नेपालको गत वर्षको कुल गार्हस्थ उत्पादन, आर्थिक वृद्धि, कुल उपभोग, कुल लगानी, कुल वचत, मुद्रास्फिति, व्यापार सन्तुलन, भुक्तान सन्तुलनको तथ्याङ्क खोजी गरि तालिकामा प्रस्तुत गर्नुहोस् ।<br>१.२ तपाइँ वा तपाइँको परिवारले आफ्ना असीमित आवश्यकताहरूमध्ये अति महत्त्वपूर्ण आवश्यकता पूरा गर्न साधन र स्रोत कसरी छनोट गर्नु पर्दछ भन्ने सन्दर्भमा छलफल गरी एउटा घटना अध्ययन तयार गर्नुहोस् । | ४ |
| **२. व्यष्टि अर्थशास्त्र (Microeconomics)** | **२.१ उपयोगिता (Utility)**<br>कुनै एक उपभोग्य वस्तुका समरूपी एकाइहरू सङ्कलन गरी त्यसको निरन्तर उपभोगबाट प्राप्त कुल उपयोगितालाई टिपोट गरी त्यसका आधारमा सीमान्त उपयोगिता पत्ता लगाई कुल र सीमान्त उपयोगितालाई एउटै तालिका र रेखाचित्रमा प्रस्तुत गरि निष्कर्ष लेख्नुहोस् ।<br>**२.२ माग र पूर्ति (Demand and Supply)**<br>आफ्नो स्थानिय बजारमा गएर कुनै एक वस्तुको केही दिनको माग र पूर्ति अवलोकन गरी तथ्याङ्क सङ्कलन गर्नुहोस् र सो तथ्याङ्कलाई अलग अलग रेखाचित्रमा देखाउनुहोस् । यी माग तथा पूर्ति रेखाहरू माग तथा पूर्तिको नियम देखाउने रेखाचित्रसँग मेल खाए वा नखाएको सम्बन्धमा कक्षामा छलफल गरि निष्कर्ष प्रस्तुत गर्नुहोस् । | १० | **२.१ आय र आय वक्ररेखाहरू (Revenue and Revenue Curves)**<br>तपाईको नजिकको कुनै किराना पसल, दुध सङ्कलन केन्द्र, तरकारी वा फलफूल सङ्कलन केन्द्र वा अन्य कुनै एउटा व्यवसाय छनौट गरी उक्त व्यवसाय वा विक्रेताले निश्चित समायावधिमा विक्री गरेको कुनै एउटा वस्तुका विभिन्न एकाइ कति कति मूल्यमा विक्री गरेको रहेछ टिपोट गर्नुहोस् । वस्तुको विक्री परिमाण र मूल्यका आधारमा कुल, औसत र सीमान्त आय गणना गरि तालिका र रेखाचित्र निर्माण गर्नुहोस् र विद्यालयको भित्ते पत्रिकामा टाँस गर्नुहोस् ।<br>**२.२ लागत र लागत वक्ररेखाहरू (Cost and Cost Curves)**<br>तपाईको समुदायमा भएको कुनै एक फर्मको सञ्चालकसँग भेटी उक्त फर्मले वस्तु वा सेवाको उत्पादन गर्दा प्रयोग गरेका स्थिर र परिवर्तनशील | १० |

| | | | | |
|---|---|---|---|---|
| | **२.३ उत्पादनका साधन (Factors of Production)**<br>२.३.१ तपाईंको स्थानीय स्तरमा सञ्चालनमा रहेको कुनै एक उद्यम वा व्यवसायको पहिचान गर्नुहोस् र उक्त उद्यम वा व्यवसाय कुन प्रकारको उद्यम वा व्यवसाय हो यकिन गरी उक्त व्यवसायको स्थापना, उद्देश्य, लगानी, उत्पादनलगायतका विषयवस्तु समेटी एउटा सङ्क्षिप्त प्रतिवेदन तयार गर्नुहोस् ।<br>**२.४ उत्पादन (Production)**<br>तपाईंको नजिकको कुनै उत्पादनमूलक व्यवसाय वा फर्मको अवलोकन गरी कुनै निश्चित समयावधिमा प्रयोग गरिएका उत्पादनका साधन( श्रम) र त्यसको कुल उत्पादन परिमाणको तथ्याङ्क सङ्कलन गर्नुहोस् । सङ्कलित तथ्याङ्कका आधारमा सीमान्त तथा औसत उत्पादन गणना गरी तालिकामा देखाउनुहोस् । उक्त तालिकका आधारमा रेखाचित्र निर्माण गर्नुहोस् । उक्त तालिका तथा रेखाचित्रको प्रकृति परिवर्तनशिल अनुपातको नियमसङ्गत छ वा छैन छलफल गरी  निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् । | | साधनको पहिचान गर्नुहोस् र त्यसका आधारमा स्थिर र परिवर्तनशील लागत गणना गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>**२.३ बजार संरचना र उत्पादनको मूल्य निर्धारण (Market Structure and Product Pricing)**<br>तपाईंको आफ्नो घर वरपर वा समुदाय रहेको कुनै एउटा फर्म वा उत्पादक वा विक्रेताको अध्ययन गर्नुहोस् र उक्त फर्म वा उत्पादक वा विक्रेता कुन किसिमको बजारसँग मिल्दाजुल्दो छ विशेषताका आधारमा पहिचान गरि कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>**२.४. साधनको मूल्य निर्धारण सिद्धान्त (Theory of Factor Pricing)**<br>२.४.१ कुनै एक वस्तु उत्पादनमा लाग्ने सम्पुर्ण खर्चहरूलाई उत्पादनका साधनलाई दिएको भुक्तानीका आधारमा विभाजन गर्नुहोस् र साधनको मूल्यमा भएको परिवर्तनले वस्तुको बजार मूल्यमा के कस्तो प्रभाव पर्दछ भन्ने विषयमा उत्पादनको लागत र मूल्यबिचको सम्बन्ध कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>२.४.२ तपाईंको परिवार वा छिमेकमा रहेका परिवारका घरमुलीलाई भेटेर उक्त परिवारको वार्षिक आम्दानी जीवनयापन गर्नका लागि पर्याप्त भए नभएको सम्बन्धमा निजहरूसँग छलफल गर्नुहोस् । छलफलको निष्कर्षलाई ज्यालाको जीवन निर्वाह सिद्धान्तका आधारमा तुलना गर्नुहोस् । तुलना गर्दा जीवन निर्वाहको स्तरभन्दा कम वा बढी ज्यालास्तर भएको अवस्थामा ती परिवारमा देखा पर्ने प्रभावहरू तालिकामा प्रस्तुत गर्नुहोस् । | |
| **३. समष्टि अर्थशास्त्र (Macroeconomics)** | **३.१ राष्ट्रिय आय (National Income)**<br>३.१.१ कुल गार्हस्थ उत्पादनबाट कुल राष्ट्रिय उत्पादन, खुद राष्ट्रिय उत्पादन, राष्ट्रिय आय, वैयक्तिक आय, व्यययोग्य आय र प्रतिव्यक्ति आय गणना गरेर प्रस्तुत गर्नुहोस् ।<br>**३.२  मुद्रा, बैङ्क तथा वित्तीय संस्था** | ३ | **३.१ सरकारी वित्त (Government Finance)**<br>३.१.१ नेपालको सङ्घीय सरकारको गत वर्षको कर राजस्व, गैरकर राजस्व, वैदेसिक अनुदान प्राप्तिको आँकडा आर्थिक सर्वेक्षणबाट प्राप्त गर्नुहोस् र कुल सरकारी आयमा तिनको योगदानको अवस्था कक्षामा समूहगत रूपमा छलफल गरी निष्कर्ष चार्टपेपरमा | ३ |

| | | | | |
|---|---|---|---|---|
| | **(Money, Bank and Financial Institution)**<br>३.२.१ योजनाबद्ध अन्तरवार्ताका लागि प्रश्नावली तयार गरी त्यसका आधारमा तपाईंको परिवार वा समुदायमा रहेका ज्येष्ठ नागरिकलाई भेटेर उहाँहरूको पालामा मुद्राको अनुपस्थिति र अपर्याप्तताका कारण भोल्नु परेका भोगाइलाई समेटेर संवाद तयार गर्नुहोस् र विषय शिक्षकलाई देखाउनुहोस् ।<br>३.२.२ नेपालमा विभिन्न समयमा प्रचलनमा रहेका सिक्का र कागजी नोट खोजी गरी फोटो फिचर एल्बम् वा फाइल बनाउनुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>३.२.३ चेक (वाहक चेक, आदेश चेक, रेखाङ्कित चेक) का नमुना तयार गर्नुहोस् र कक्षामा प्रदर्शन गर्नुहोस् ।<br>३.२.४ दुई जना साथीहरूको जोड बनाएर नजिकको कुनै बैङ्क तथा वित्तीय संस्थामा गई उक्त बैङ्क तथा वित्तीय संस्थाको नाम, ठेगाना, किसिम र प्रवाह गर्ने सेवाहरूलाई समेटेर एउटा प्रतिवेदन तयार गर्नुहोस् । | | उतारेर विद्यालयको विद्यार्थी क्रियाकलाप प्रदर्शन बोर्ड वा कक्षाकोठाको भित्तामा टाँस गर्नुहोस् ।<br>३.१.२ नजिकैको स्थानीय तहको सम्बन्धित फाँट वा कार्यालयमा गई कर र गैर कर राजस्वका कुन कुन स्रोत र माध्यमबाट के कति राजस्व प्राप्त हुँदो रहेछ खोजी गरी विवरण तयार गर्नुहोस् ।<br>३.१.३ आर्थिक वर्ष २०८०/८१ मा तपाईंको परिवारको वार्षिक आम्दानी रु.५,००,०००/- रहेछ भने आम्दानी र खर्च शीर्षकहरू समावेश गरेर पारिवारीक वार्षिक बजेट निर्माण गरि तालिकामा प्रस्तुत गर्नुहोस् यसरी प्रस्तुत गर्दा बजेट घाटा, बचत वा सन्तुलनको अवस्था पनि देखाउनुहोस् ।<br>**३.२ अन्तर्राष्ट्रिय व्यापार (International Trade)**<br>नेपालको विगत पाँच वर्षको वैदेशिक व्यापारको स्थितिको तथ्याङ्क खोजी गरी तालिकामा प्रस्तुत गर्नुहोस् । उक्त तालिकाबाट एक्सेलको प्रयोग गरि उपयुक्त रेखाचित्र बनाउनुहोस् र त्यसलाई प्रिन्ट गरी कक्षामा प्रस्तुत गर्नुहोस् । | |
| **४. विकास अर्थशास्त्र (Development Economics)** | ४.१ आर्थिक सर्वेक्षण, राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय योजना आयोग, नेपाल राष्ट्र बैङ्क, अर्थ मन्त्रालय आदिका वेबसाइटहरूबाट नेपालको गरिबी, आर्थिक असमानता र बेरोजगारीको वर्तमान अवस्था चित्रण गर्ने तथ्याङ्कहरू खोजी गर्नुहोस् । साथै ती तथ्याङ्कलाई समेट्दै गरिबी निवारण, आर्थिक असमानता र बेरोजगारी न्यूनीकरणमा भएका प्रयासहरूको समीक्षा गर्दै एउटा लेख तयार गर्नुहोस् ।<br>४.२ तपाईंको टोल समुदायका निरपेक्ष र सापेक्ष | ३ | ४.१ समाजवाद उन्मुख आर्थिक व्यवस्थाका लागि सरकारी, निजी र सहकारी क्षेत्रले खेल्नुपर्ने भूमिका सर्न्दभमा एउटा आलेख तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् । | ३ |

| | | | | |
|---|---|---|---|---|
| | गरिब घरपरिवार खोजी गरी यसका कारण र समाधानका उपायहरू समेटेर प्रतिवेदन तयार गर्नुहोस् । | | | |
| **नेपालको अर्थतन्त्र (Nepal's Economy)** | ५.१ नेपालको अर्थतन्त्रका प्रमुख विशेषताहरू समेटेर वृक्षचित्र (Tree diagram) तयार गरी कक्षाकोठामा टाँस गर्नुहोस् ।<br>५.२ तथ्याङ्कको द्वितीय स्रोतबाट नेपालको कुल गार्हस्थ उत्पादन (GDP) मा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदानको तथ्याङ्क खोजी गरी उक्त तथ्याङ्कलाई उपयुक्त रेखाचित्र (Diagram) बनाई चार्टपेपरमा देखाउनुहोस् । | ५ | **५.१ कृषि (Agriculture)**<br>५.१.१ तपाईंको गाँउघरमा कृषिको आधुनिकीकरण र व्यवसायीकरणका लागि भएका असल अभ्यास गर्ने फर्महरूको खोजी गरी त्यसबाट उत्पादक, उपभोक्ता, श्रमजीवी आदि वर्गको जनजीवनमा परेको सकारात्मक प्रभाव उल्लेख गर्दै प्रतिवेदन तयार गर्नुहोस् ।<br>**५.२ उद्योग र पर्यटन उद्योग (Industry and Tourism Industry)**<br>५.२.१ तपाईंको स्थानीय तहमा रहेको कुनै एक पर्यटकीय स्थलको फोटोसहित सङ्क्षिप्त परिचय, ऐतिहासिक महत्त्व, वर्तमान अवस्था, समस्या र समाधानका उपायहरू समेटेर एउटा प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>**५.३ वैदेशिक रोजगारी (Foreign Employment)**<br>५.३.१ योजनाबद्ध प्रश्नावली तयार गरी त्यसका आधारमा तपाईंको छरछिमेकमा रोजगारीका लागि विदेश गई फर्केका व्यक्तिहरूलाई भेटेर उनीहरूले विदेश जानु पूर्व गरेका तयारी, विदेश गएर कार्यस्थलमा भोगेका समस्याहरू र तीनको समाधानका लागि अपनाउनुपर्ने उपायहरू सम्बन्धमा अन्तरवार्ता लिई संवाद तयार गर्नुहोस् । | ५ |
| **६. अर्थशास्त्रमा परिमाणात्मक पद्धति (Qantitative Technique in Economics)** | ६.१ तपाईंको छिमेकमा रहेका कुनै २० घरधुरीको परिवार सङ्ख्या, आय, रोजगारी, शैक्षिक अवस्था, पेसा व्यवसाय आदिका बारेमा प्रश्नावली तयार गरी प्राथमिक तथ्याङ्क सङ्कलन गर्नुहोस् र उक्त तथ्याङ्कलाई वर्गीकरण गरी तालिका र रेखाचित्रमा प्रस्तुत गर्नुहोस् ।<br>६.२ नेपालको राष्ट्रिय जनगणना २०७८ को | ७ | ६.१ तपाईँको घरपरिवारमा दैनिक खरिद गरिने वस्तुहरू जस्तैः दुध, फलफूल, माछामासु, तरकारी जस्ता वस्तुको कुनै दुई महिनाको समयान्तरलाई आधार बनाई ती वस्तुका खरिद परिमाण र मूल्यसूचीका आधारमा साधारण मूल्य सुचकाङ्क गणना गरि मुद्रास्फितीको अवस्था मापन गर्नुहोस् ।<br>६.२ तपाईंले कुनै त्रैमासिक परीक्षामा विभिन्न विषयमा प्राप्त गर्नुभएको अङ्कलाई आधार बनाई औसत अङ्क | ७ |

<table>
<tr>
<td></td>
<td>प्रदेशगत जनसख्यां वितरणको तथ्याङ्क खोजी गरी पाइचार्टमा प्रस्तुत गर्नुहोस् ।<br>६.३ तपाईंको कक्षामा रहेका छात्र, छात्रा र जम्मा विद्यार्थीलाई उपयुक्त रेखाचित्र प्रयोग गरी चार्टपेपरमा प्रस्तुत गर्नुहोस् ।<br>६.४ शिक्षकसँग समन्वय गरि कम्प्युटर ल्याबमा गई विभिन्न तथ्याङ्कलाई एक्सलको सहायताबाट विभिन्न रेखाचित्र बनाई फाइल बनाएर सेभ गर्नुहोस् ।</td>
<td></td>
<td>गणना गर्नुहोस् ।<br>६.३ शिक्षकको समन्वयमा कक्षामा उपस्थित सम्पूर्ण विद्यार्थीहरू छात्र र छात्रा गरी दुई समूहमा बाँडिनुहोस् र समूह प्रमुख छनोट गर्नुहोस् । समूह प्रमुखले आआफ्नो समूहमा रहेका हरेक सदस्यको तौलको अभिलेख राख्नुहोस् । उक्त अभिलेखका आधारमा समूहगत रूपमा आआफ्ना समूहमा रहेका सदस्यहरूको तौलको मध्यक र मध्यिका गणना गरी तुलना गर्नुहोस् र समूहगत रूपमा छलफल गरी प्रस्तुत गर्नुहोस् ।<br>६.४ तपाईंको घर वा विद्यालय नजिक रहेको कुनै तयारी पोसाक (जुत्ता, चप्पल, स्वेटर, ज्याकेट, मोजा, टोपी, टप्स, कुर्ता सुरुवाल आदि) को पसल भ्रमण गरि विक्रेतालाई सोधेर गत हप्ता भएको बिक्रीका आधारमा कुनै एक वस्तुको छनोट गरी तलको तालिका पूरा गर्नुहोस् र पूरा गरिएको तालिकाका आधारमा बहुलक (रित) गणना गरी निष्कर्ष निकाल्नुहोस् ।
<table>
<tr><td colspan="3">छनोट गरिएको कुनै एक वस्तुको नाम :</td></tr>
<tr><td rowspan="2">वस्तुको साइज</td><td colspan="2">बिक्री परिमाण</td></tr>
<tr><td>मिलन चिह्न</td><td>सङ्ख्या</td></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>जम्मा</td>
<td></td>
<td>३२</td>
<td>जम्मा</td>
<td>३२</td>
</tr>
</table>

## ६. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया

प्रत्येक एकाइ वा पाठको अध्यापन गर्दा विद्यार्थीको अनुभवलाई ध्यान दिएर शिक्षण सिकाई प्रक्रियालाई अगाडि बढाउनुपर्छ। सिकाइको सहजीकरण गर्दा विद्यार्थीको रुचि, क्षमता र आवश्यकता तथा बहुबौद्धिकता र फरक सिकाइ क्षमतालाई समेत ध्यान दिनुपर्ने हुन्छ। शिक्षकले कक्षामा विद्यार्थीलाई अर्थशास्त्रका सिद्धान्त, नियम, अवधारणाको ज्ञान दिनुका साथै स्रोत साधन र अनुकूल वातावरण भएसम्म वरपर रहेका व्यापार, व्यवसाय, फर्म, उद्योगको भ्रमण तथा अवलोकन गराई व्यावहारिक एवम् प्रयोगात्मक तरिकाले शिक्षण गराउनु पर्दछ। विद्यार्थीको सहभागिता एवम् सामूहिक तथा सहयोगात्मक सिकाइलाई प्रोत्साहन दिँदै उनीहरूमा विषयप्रतिको रुचि बढाउन विशेष ध्यान दिनुपर्ने छ। यस विषयको शिक्षणका लागि स्थानीय परिवेश, विषयवस्तुको प्रकृति, विद्यार्थीको उमेर, तह, रुचि, फरक सिकाइ क्षमता, सामाजिक तथा मनोवैज्ञानिक पृष्ठभूमि, शैक्षिक सामाग्रीको उपलब्धता आदिलाई ध्यान दिदै देहाय बमोजिमका सिकाइ विधि प्रयोग गर्न सकिने छः

- अन्तरक्रियात्मक व्याख्यान — छलफल
- प्रश्नोत्तर — प्रयोगात्मक
- भ्रमण र अवलोकन — प्रदर्शन
- समस्या समाधान — परियोजना
- सोधखोज — अनुसन्धान
- मामला अध्ययन — समालोचनात्मक चिन्तन

यहाँ प्रस्तुत विधिहरू नमुना वा सङ्केत मात्र हुन्। सबै परिस्थितिमा यी विधिहरूको प्रयोगले सिकाइमा पूर्णता नपाउन सक्छ। शिक्षकले यहाँ प्रस्तुत गरिएका विधिलाई आधारका रूपमा मात्र लिई परिस्थिति अनुकूल शिक्षण विधि तथा प्रक्रिया छनोट गर्नुपर्दछ।

## ७. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

विद्यार्थी मूल्याङ्कन प्रक्रियामा विद्यार्थी मूल्याङ्कन सैद्धान्तिक र प्रयोगात्मक दुवै रूपमा हुने छ। सैद्धान्तिकअन्तर्गत ७५ प्रतिशत र प्रयोगात्मकअन्तर्गत २५ प्रतिशत अङ्कभार कायम गरिएको छ। मूल्याङ्कन गर्दा निर्माणात्मक र निर्णयात्मक दुवै विधिलाई प्रयोग गर्नुपर्ने छ।

### (क) निर्माणात्मक मूल्याङ्कन

विद्यार्थीको सिकाइ उपलब्धि सुधारका लागि कक्षा शिक्षणकै क्रममा परियोजना कार्य, गृहकार्य, कक्षाकार्य, प्रस्तुतीकरण, उपलब्धि परीक्षा जस्ता क्रियाकलाप गराई प्रयोगात्मक ज्ञान र सिप हासिल गराउन निर्माणात्मक मूल्याङ्कनलाई उपयोग गर्नु पर्दछ। विद्यार्थीले सिके नसिकेको पत्ता लगाई नसिकेको भए कारण पहिचान गरी पुनः सिकाइ वा सुधारात्मक सिकाइका लागि निर्माणात्मक मूल्याङ्कन गरिन्छ। कक्षा ९ र १० को अर्थशास्त्र विषयको सिकाइका क्रममा कक्षाकोठामा शिक्षण सिकाइकै अभिन्न अङ्गका रूपमा गृहकार्य, कक्षाकार्य, परियोजना कार्य, सामुदायिक कार्य, अतिरिक्त क्रियाकलाप, एकाइ परीक्षा, मासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरू प्रयोग गर्न सकिने छ र सिकाइ अवस्था यकिन गरी आवश्यकताअनुसार सुधारात्मक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ।

### (ख) निर्णयात्मक मूल्याङ्कन

पाठ्यक्रमले निर्धारण गरेको उद्देश्यअनुरूप विद्यार्थीले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसका आधारमा स्तर निर्धारण गर्ने निर्णय लिइन्छ भने त्यस्तो मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ। यस्तो मूल्याङ्कन आवधिक रूपमा गर्ने गरिन्छ। यसका लागि प्रयोगात्मक तथा आन्तरिक मूल्याङ्कनको २५ प्रतिशत र अन्तिम परीक्षाका लागि ७५ प्रतिशतको भार छुट्याइएको छ। कक्षा ९ को सम्बन्धमा सम्बन्धित विद्यालयले र कक्षा १० को सम्बन्धमा राष्ट्रिय परीक्षा बोर्डले तोकिएअनुसार परीक्षा सञ्चालन गरी स्तर वा ग्रेड निर्धारण गर्नुपर्दछ।

### (अ) आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कनका लागि प्रत्येक विद्यार्थीले गरेका कार्य र उनीहरूमा आएको व्यवहार परिवतर्नको अभिलेख राखी सोका आधारमा अङ्क प्रदान गर्नुपर्दछ। यस विषयमा कक्षा ९ र १० मा कुल भारमध्ये २५ प्रतिशत भार आन्तरिक मूल्याङ्कन हुने छ। आन्तरिक मूल्याङ्कनको २५ प्रतिशत भारअन्तर्गत निम्नानुसार मूल्याङ्कन गरी अङ्क प्रदान गरिने छ।

| क्र.सं. | मूल्याङ्कनका आधार | अङ्कभार |
|---|---|---|
| १. | सहभागिता (उपस्थिति र सिकाइ क्रियाकलापमा सहभागिता तथा सक्रियता) [Participation] | ३ |
| २. | त्रैमासिक परीक्षा (Trimester) | ६ |
| ३. | प्रयोगात्मक तथा परियोजना कार्य (Practical and Project Work) | १२ |
| ४. | परियोजना कार्यको मौखिक अन्तर्वार्ता (Viva) | ४ |
| | **जम्मा** | **२५** |

**(आ) बाह्य मूल्याङ्कन**

यस विषयमा कक्षा ९ र १० प्रत्येकमा कुल भारमध्ये ७५ प्रतिशत भार बाह्य मूल्याङ्कन हुने छ । प्रत्येक कक्षामा लिइने परीक्षाका लागि पाठ्यक्रम विकास केन्द्रले तयार गरेको विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्र निर्माण गर्नुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान/बोध, समस्या समाधान, रेखाचित्रात्मक प्रस्तुतीकरण, आलोचनात्मक विश्लेषणसँग सम्बन्धित प्रश्नहरू सोधिने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन र अभिलेखीकरण गर्नुपर्दछ ।